"स्थानीय तहको सञ्चार सारथी"

# पालिका सन्देश

साप्ताहिक

।। वर्ष : ३ ।। अंक : ११ ।। ।। २०८२ असोज २९ बुधबार ।। 15 Oct. 2025, Wednesday ।। पृष्ठ : ६ ।। मूल्य : रु. १०/- ।। www.palikasandesh.com

# तिहार नजिकिँदै गर्दा झापामा सयपत्री फूलको माग बढ्यो

**बुद्धशान्ति (पालिका सन्देश) ।** तिहार नजिकिँदै गर्दा झापामा सयपत्री फूलको माग बढ्न थालेको छ । बिस्तारै माग बढ्दै जाँदा व्याबसायिक रूपमा फूलखेती गर्ने किसानहरूमा उत्साह थपिँदै गएको छ । तिहारमा लक्ष्मी पुज्न, घर सजाउन र दाजुभाइलाई माला लगाउन मात्र होइन जिल्लामा हुने हरेक कार्यक्रममा अतिथिहरूलाई सयपत्री फूलको माला लगाउने प्रचलनले सयपत्री फूलको माग बढेको हो । बिर्तामोड नगरपालिका-७ मा फूलखेती गरिरहेका किसान बिबेक साहले तिहारका लागि दैनिक जसो अर्डर गर्नेको संख्या बढिरहेको बताएका छन् ।

उनले दुई बिगाहा जमिन भाडामा लिएर फूलको व्याबसायिक खेती गर्दै आएको बताएका छन् । सयपत्री फूलको ८० हजार बिरूवा रोपेका साहले हाल दैनिक तीन सय माला बिक्री गर्दै आएको सुनाए । उनले फूल टिप्ने र माला बनाउने काममा स्थानीयलाई रोजगारी समेत प्रदान गर्दै आएको जनाएका छन् । "तिहारको लागि धमाधम अर्डर आइरहेको छ", उनले भने, "गत हप्ता आएको अबिरल वर्षाले करिब १० हजार माला हुने फूल नष्ट गर्यो ।



अर्डर अनुसार पुर्याउन सक्छु कि सक्दिन चिन्ता थपिएको छ ।" उनको ढकमक्क फुलेको फूल टिप्न नपाउँदै पानीले नष्ट गरिदिएको थियो ।

हाल दैनिकरूपमा दुईदेखि तीन सय माला बिक्रीको लागि बिर्तामोड, दमक र बिराटनगरका व्यापारीलाई पठाउँदै आएको उनले बताए । फूलबारीमा टिकटक बनाउने र भिडियो खिच्ने स्थानीयबासीको समेत भीड लाग्ने गरेको उनी बताउँछन् । प्रतिमाला रू. ५० का दरले बिक्री गर्दै आएको बताउँदै उनले हालसम्मको मूल्य रू. ५० भए तापनि तिहारमा अवस्था हरेर मूल्य कायम गर्ने उनले जनाए । "हेर्दै रहर लाग्ने गरी फूल फुलेको छ", उनले भने, "बाढीले क्षति गरे पनि लगानी उठाउन सक्छु कि भन्ने आँट छ ।"

उनका अनुसार एक पटक लगाएको सयपत्री फूल तीनपटक सम्म टिप्न मिल्दछ । उनले एक पटकको टिपाईमा २० हजार बढी माला हुने बताए । उनले तिहारमा एक लाख माला हुने फूल उत्पादन गरेर बिक्री गर्ने लक्ष्य राखेपनि पानीको कारण पूरा नहुने सुनाए ।

उता बिर्तामोड नगरपालिका-९ मा शुष्मा पौडेलले पनि सात कठ्ठा जमिनमा सयपत्री फूलको खेती गरेकी छिन् । उनले केही फूल तिहारको लक्ष्मी पूजाको दिनका लागि बिक्री गरिसकेको बताइन् । उनको बारीमा ढकमक्क फूलेको सयपत्री पनि पानीको कारण

***बाँकी पृष्ठ २ मा***

## भाइटीकाको उत्तम साइत ११:३९ बजे

**झापा ।** नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको उत्तम साइत सार्वजनिक गरेको छ ।

कात्तिक ६ गते बिहीबार बिहान ११:३९ बजे भाइटीकाको साइत उत्तम रहेको समितिका अध्यक्ष प्रा. शम्भुप्रसाद ढकालले



जानकारी दिए ।

कात्तिक ६ गते बिहीबार मध्यान्हकालमा टीका लगाउन बाधा नपरे पनि साइत खोज्नेका लागि धनु लग्न, कन्या नवमांश, चर बेला र अभिजित् योग तथा बिजय मुहूर्तको शुभ साइत दिइएको समितिका सदस्य प्रा. देवमणि भट्टराईले जानकारी दिए । 'राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्छ । सर्बसाधारणका लागि मध्यान्हकालमा टीका लगाउन कुनै समस्या छैन', उनले भने ।

## दुई महिनामा भित्रियो साढे तीन खर्ब रेमिट्यान्स

**झापा ।** चालू आर्थिक वर्ष २०८२/८३ को दुई महिनामा बिप्रेषण (रेमिट्यान्स) आप्रवाह ३३.१ प्रतिशतले बृद्धि भई ३ खर्ब ५२ अर्ब ८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १५.८ प्रतिशतले बढेको थियो ।

नेपाल राष्ट्र बैंकका अनुसार २०८२ भदौ महिनामा मात्रै रेमिट्यान्स आप्रवाह १ खर्ब ७४ अर्ब ६७ करोड रहेको छ । अघिल्लो वर्षको सोही महिनामा विप्रेषण आप्रवाह १ खर्ब २७ अर्ब ९९ करोड रहेको थियो । यस अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २७.६ प्रतिशतले वृद्धि भई २ अर्ब ५२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १४.२ प्रतिशतले बढेको थियो ।

यस अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) ३ खर्ब ८४ अर्ब ८८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २ खर्ब ८७ अर्ब ७६ करोड रहेको थियो । यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ९० हजार ११८ र पुनः श्रम स्वीकृति लिनेको संख्या ४५ हजार ८८४ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ७६ हजार ४८५ र ४० हजार ५८३ रहेको थियो ।

## बाढीले झापाको ५१२ हेक्टर कृषिबालीमा क्षति

**झापा ।** असोज १८ देखि २० गतेसम्म भएको लगातारको वर्षापछि आएको बाढी र डुबानका कारण यहाँको ५१२ दशमलव ६३ हेक्टर क्षेत्रफलमा लगाइएको कृषिबालीमा क्षति पुगेको छ । उक्त क्षतिका कारण यहाँका ७४९ परिवार प्रभावित भएका छन् ।

जिल्लास्थित कृषि ज्ञान केन्द्रका प्रमुख सागर विष्टका अनुसार भारी वर्षा र वर्षापछिको बाढी र डुबानका कारण करिब रू. सात करोड ६० लाख २८ हजार २२० बराबरको कृषिबालीमा क्षति भएको पुगेको हो । बाढीले सबैभन्दा बढी झापा गाउँपालिकाको वडा नं १, २ र ३ का ३६५ दशमलव २७ हेक्टर क्षेत्रफलमा लगाइएका धान, गहुँ र सागसब्जीमा क्षति गरेको उनले जानकारी दिए ।

यसैगरी केन्द्रले सङ्कलन गरेको विवरण अनुसार गौरीगञ्ज गाउँपालिकाको वडा नं. १ र २, शिवसताक्षी नगरपालिकाको वडा नं. ३, ४, ५ र ७, भद्रपुर नगरपालिकाको वडा नं. ३, गौरादह नगरपालिकाको वडा नं. ५ र ६ तथा कनकाई नगरपालिकाको वडा नं. १, ३, ५, ६ र ८ का क्षेत्रहरूमा बाढीका कारण कृषिबालीमा क्षति पुगेको छ ।

केन्द्रका प्रमुख विष्टका अनुसार बाढीले सबैभन्दा बढी धानखेतीमा असर पारेको छ । झापाका ७०३ कृषकले ४६३ दशमलव ४२ हेक्टर क्षेत्रफलमा लगाएका धानबाली क्षति पुगेको बताउँदै उनले क्षति पुगेका अन्य बालीहरूमा तरकारी, आलु, केरा, जुट, मास र भुइँकटहरलगायत रहेका उल्लेख गरे । यसैबीच बाढीबाट प्रभावित परिवारलाई जिल्ला बिपद् व्यवस्थापन समितिमार्फत स्थानीय तहको समन्वयमा राहत वितरण सुरु गरिएको विष्टले जानकारी दिए ।



झा.जि.प्र.द.नं. १५६/२०७९
झा.जि.हु.का.दर्ता नं. : १०१/०८१/०८२
www.palikasandesh.com

# भावपूर्ण श्रद्धाञ्जली/कृतज्ञता/निमन्त्रणा



**जन्म**
**१९९१ भदौ १५ गते**

**स्वर्गारोहण**
**२०८२ असोज २२ गते**

## स्वर्गीय पवित्रा देवी तिम्सिना

हाम्रा प्रातः स्मरणीय ममतामयी माता, हजुरआमा **पवित्रा देवी तिम्सिना**को गत मिति २०८२ असोज २२ गते बुधबारका दिन परमधाम गमन भएकोले हामी परिवारका सम्पूर्ण सदस्यलाई मर्माहत र स्तब्ध बनाएको छ । दुःखको यस क्षणमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । हाम्रा प्रातः स्मरणीय मार्गदर्शक, प्रेरणाका स्रोत, अभिभावक तथा संरक्षकसँग बिछोडको अवस्थामा रहेका हामीहरूप्रति समवेदित बन्दै, भेटेरै वा विभिन्न माध्यमबाट सहानुभूति तथा समवेदना प्रकट गर्नुहुने, अन्तिम दाह संस्कारमा सहभागी हुनुहुने आफन्तजन, छरछिमेक, इष्टमित्र, कूल कुटुम्ब, बन्धुबान्धव, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, उद्योगी-व्यापारी, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछौं । तपाईंहरूको साथ, सहयोग र सहानुभूतिको कारण हामीलाई यस पीडादायी क्षणमा पीडा सहन गर्न सहज भएको हामीले महशुस गरेका छौं ।

मिति २०८२ कातिक ३ गते मंगलबार तेह्रौं दिनको पुण्य तिथिमा सहभागी भई शुद्धिशान्ति कार्यको पितृप्रसाद ग्रहण गर्न उपस्थित भइदिनुहुन सम्पूर्ण मलामीजन, छरछिमेक इष्टमित्र, कुलकुटुम्व, बन्धुबान्धव, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, आफन्तजन, उद्योगी-व्यबसायी, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई विनम्रतापूर्वक निमन्त्रणा गर्दछौं ।

छोरा बुहारीहरु :
**यमनाथ - हिमा देवी तिम्सिना**
**दिननाथ- हेमन्ता तिम्सिना**
**तोयानाथ - देवीमाया (गीता) तिम्सिना**

छोरी ज्वाईं :
**स्व. झरीमाया- बद्रीप्रसाद भण्डारी**
**चित्रकला - टिकाराम पौडेल**
**चन्द्रकला - दुर्गा प्रसाद गौतम**

**११ नाती नातिना**
**११ पनाती पनातिनी**
**९ जनाती जनातिनि**

**एवम्**

# सम्पूर्ण तिम्सिना परिवार

बुद्धशान्ति-३ (पुलचोक, कालिखोला) झापा ।

पी.एस.टी नेपाल मिडिया प्रा.लि.द्वारा प्रकाशित **पालिका सन्देश साप्ताहिक**, कार्यालय : **बुद्धशान्ति-३ झापा**, सम्पर्क : **९८६१०४२८०४**, सम्पादक : **तीर्थराज तिम्सिना**
क.दर्ता नं : **२६०८९९/०७७/०७८**, इमेल : *palikasandesh@gmail.com, tirthatimsina508@gmail.com*, ले-आउट : **सन्तोष शर्मा**, वितरण प्रमुख : हरि घिमिरे, मुद्रण : **श्री गणपति अफ्सेट प्रेस**, बिर्तामोड, झापा ।

## प्रेरक भनाइ

असफलता त्यो अवसर हो जसले अझै सच्चिएर अघि बढ्ने मौका दिन्छ – **हेनरी फोर्ड ।**

## सम्पादकीय

# अटिजम अपाङ्गता होइन

**भनिन्छ, विश्वको जनसंख्याको १ प्रतिशत, त्यसमा नेपालमा मात्र करिब तीन लाख बालबालिका अटिजमको शिकार बनिरहेका छन् । अटिजम भएका बालबालिकालाई 'रोगी' भन्ने प्रचलन छ। तर यो रोग नभई मस्तिष्क विकासमा उत्पन्न हुने एक किसिमको जन्मजात विशेष अवस्था हो। नेपालमा झन्डै तीन लाख बालबालिकामा अटिजम भएको अनुमान गरिएको छ। झट्ट हेर्दा सामान्य अवस्थाकै बालबालिका जस्ता देखिएपनि अटिजम भएका बालबालिकाहरुले अरुलाई वास्ता नगर्ने हुन्छन् । अटिजम भएका बालबालिकामा पनि छुट्टै विशेषता हुन्छ ।**

**अटिजम भनेको मानिसको दिमागको एउटा विशेष अवस्था हो। अटिजम अपाङ्गता भने होइन। यो विकासमा आएको असमानता हो, जसलाई हामी विकासात्मक अपाङ्गता चाहिँ भन्ने गर्छौं। यसको कारणले गर्दा बच्चाले दोहोरो संवाद गर्न नसक्ने, आफ्ना कुरा व्यक्त गर्न गाह्रो हुने, उनीहरूले अरुको कुरा बुझेर आफ्नो व्यवहार परिवर्तन गर्न सक्दैनन्। यस्तो सामाजिक र सञ्चारसम्बन्धी समस्या अटिजममा देखापर्छ। यसमा बालबालिकाहरु सामान्य बालबालिकासरह गतिबिधि देखाउन असक्षम हुन्छन् भने केही अस्वभाविक गतिविधि देखाउने गर्छन्। यसमा बच्चाको उमेरअनुसार हुनुपर्ने व्यावहारिक विकास, सामाजिक विकास अनि एकअर्कामा सञ्चार गर्ने क्षमताको विकास भएको पाइँदैन।**

**अटिजम भएका मानिस असहज व्यवहारका कारण सामाजिक रूपमा सामान्य जीवन बिताउन सक्दैनन्। उनीहरूलाई दैनिक व्यवहार, आचरणसम्बन्धी विशेष थेरापीको आवश्यक हुन्छ। जति सानो उमेरमा यसको पहिचान गरियो उनीहरूलाई थेरापीद्वारा त्यति सहज तरिकाले सञ्चार प्रतिक्रियाका लागि सक्रिय बनाउन सकिन्छ। यसमा बच्चाले भन्दा पनि पहिले अभिभावकले पहिले थेरापी लिनुपर्छ। विद्यालय या अन्य स्थानमा गरिएको थेरापी केही समयका लागि भए पनि अभिभावकले नै उनीहरूको क्षमताका आधारमा थेरापी प्रशिक्षण लिई सिकाउनु राम्रो हुन्छ। अटिजम आँफैमा अपाङ्गता भने होइन यसलाई उपचारका माध्यमबाट पनि निको पार्न सकिँदैन, किनकि यो रोग नभएर समयक्रमसँगै मानसिक वृद्धि विकासमा आएको अवरोध हो। यस्ता व्यक्तिमा आधारभूत सीप सिकाएर व्यवहार सामान्य बनाउँदै लान सकिन्छ। यसबाहेक अन्य स्वास्थ्य जटिलता पनि देखिन सक्ने जोखिम हुने भएकाले विभिन्न थेरापी आवश्यक हुन्छन्। तसर्थ अटिजम भएका बालबालिकालाई घृणा होइन माया गरौँ।**

## तिहार...

क्षति पुगेको बताइन् । "तिहारका लागि साँचेर राखेको करिब रू. दुई लाख ५० हजारको फूल पानीको कारण नष्ट भयो", उनले भनिन्, "धेरै अर्डर थियो अब पुर्याउन सक्ने स्थिति छैन ।" उनले पछिल्लो समय हरेक कार्यक्रममा खदाको सट्टा सयपत्री फूलको मालाको प्रयोग बढेसँगै फूलको माग बढेको बताइन् ।

जिल्लामा सयपत्री फूलको खेतीतर्फ किसानको आकर्षण बढ्दै गएको छ । एक कट्ठा र दुई कट्ठाका दरले यसको खेती लगाउने झापामा दर्जनौं किसान छन् । उनीहरूले फूलको परनिर्भरतालाई हटाउन स्थानीय सरकारले किसानलाई प्रोत्साहनस्वरूप सुलभ कर्जा र अन्य अनुदानमा लगानी बढाउनुपर्ने बताउँदै आएका छन् ।

# सहकारी संस्था सञ्चालनमा कडाई, दर्तामा नयाँ व्यवस्था, कागजात के चाहिन्छ र शुल्क कति लाग्छ ?

**पालिका सन्देश ।** राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सहकारी संस्थाहरूको दर्ता अभिलेखका लागि नयाँ व्यवस्था गरेको छ । प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता अभिलेखीकरण मापदण्ड, २०८२ जारी गरेको हो । विशेषगरी यो मापदण्ड बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीहरूका लागि हो ।

सहकारी संस्थाले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबारलाई मुख्य कारोबार भनिएको छ । यो मापदण्ड प्राधिकरणले स्वीकृत गरी जारी गरेको मितिदेखि लागू समेत गरिसकेको छ ।

**दर्ता अभिलेखीकरण सम्बन्धी व्यवस्था**

प्राधिकरणले जारी गरेको मापदण्ड अनुसार सहकारी संस्थाको दर्ता अभिलेखीकरण गर्नुपर्ने हुन्छ । संघ, प्रदेश र स्थानीय तहमा सञ्चालित बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणमा दर्ता अभिलेखीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सहकारी संस्थाले प्राधिकरणको विद्युतीय प्रणालीमार्फत विवरण प्रविष्ट गर्नु पर्नेछ । अभिलेखीकरण हुने सहकारी संस्थाले दस्तुर तोकिएको बैंक खातामा जम्मा गरी सो को भौचरप्रति विद्युतीय प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

दर्ता हुने सहकारी संस्थाले प्राधिकरणले दर्ता अभिलेखीकरणका लागि आह्वान गरेको मितिले ६० दिनभित्र विद्युतीय प्रणालीमा विवरण प्रविष्ट गरिसक्नु पर्नेछ । तर विशेष परिस्थितिको अवस्थामा प्राधिकरणले समयावधी थप गर्न सक्नेछ । सहकारी संस्थाको सञ्चालन इजाजतपत्रका लागि दर्ता अभिलेखीकरण हुने सहकारी संस्थाले प्रविष्ट गरेको विवरण रुजु गरी प्रक्रिया पूरा भएका सहकारी संस्थालाई विद्युतीय प्रणाली मार्फत सञ्चालन इजाजतपत्र जारी गर्नेछ । तर, संघ, प्रदेश र स्थानीय सरकारले समस्याग्रस्त घोषणा गरी कारबाहीको प्रक्रियामा रहेका सहकारी संस्थालाई दर्ता अभिलेखीकरण प्रक्रियामा समावेश गरिने छैन । सञ्चालन इजाजतपत्र प्राप्त नगरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

नवीकरणका लागि प्राधिकरणबाट सञ्चालन इजाजतपत्र प्राप्त सहकारी संस्थाले प्रत्येक वर्षको श्रावण मसान्तभित्र प्राधिकरणले निर्धारण गरेको प्रक्रिया पूरा गरी इजाजतपत्र नवीकरण गर्नु पर्ने व्यवस्था गरिएको छ । प्राधिकरणले सहकारी संस्थाको दर्ता अभिलेखीकरण र इजाजतसँग सम्बन्धित आवश्यक थप विवरण माग गर्नसमेत सक्नेछ ।

**दर्ता अभिलेखीकरणका लागि आवश्यक विवरण**

सहकारी संस्थाको दर्ता अभिलेखीकरणका लागि आवश्यक पर्ने विवरण समेत मापदण्डमा राखिएको छ । जसमा आधारभूत, वित्तीय, स्वघोषणा लगायत अन्य विवरण आवश्यक पर्ने मापदण्डमा उल्लेख गरिएको छ ।

(क) आधारभूत विवरण : सहकारी संस्थाको नाम (नेपाली र अंग्रेजीमा), ठेगाना, सम्पर्क नं., इमेल, कार्य प्रकृति, दर्ता मिति दर्ता भएको कार्यालय र ठेगाना, कार्यरत कर्मचारी सत्या, वेबसाइट र सफ्टवेयरको नाम, शेयर सदस्य संख्या र कूल शेयर रकम, कार्यान्वयनमा रहेको विनियम/कार्यविधि/नीतिको नाम तथा जारी मिति, सञ्चालक समितिको विवरण (नाम, पद, ठेगाना, लिङ्ग, सम्पर्क नं., व्यक्तिगत प्यान नं., नागरिकता नं. र जारी जिल्ला, राष्ट्रिय परिचयपत्र नं, पदावधि (शुरु मिति र अन्तिम मिति), लेखा सुपरीवेक्षण समितिको विवरण (नाम, पद, ठेगाना, लिङ्ग, सम्पर्क नं., व्यक्तिगत प्यान नं., नागरिकता नं. र जारी जिल्ला, राष्ट्रिय परिचयपत्र नं, पदावधि (शुरु मिति र अन्तिम मिति), प्रमुख कार्यकारी अधिकृत वा महाप्रबन्धक वा व्यवस्थापक वा प्रबन्धकको विवरण (नाम, पद, ठेगाना, लिङ्ग, सम्पर्क नं, व्यक्तिगत प्यान नं., नागरिकता नं. र जारी जिल्ला, राष्ट्रिय परिचयपत्र नं., शैक्षिक योग्यता र सम्बन्धित कामको अनुभव, पदमा कार्यरत अवधि, सञ्चालनमा रहेका इकाई र सेवा केन्द्रको विवरण (ठेगाना, सम्पर्क नं.), कार्यक्षेत्र, सहकारी संस्थाको दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, रकमको आधारमा ठूला १०० शेयर सदस्यको विवरण (नाम, ठेगाना र शेयर रकम), रकमको आधारमा ठूला १०० बचतकर्ता सदस्यको विवरण (नाम, ठेगाना र बचत रकम), रकमको आधारमा ठूला १०० ऋणी सदस्यको विवरण (नाम, ठेगाना र ऋण रकम) आवश्यक पर्नेछ ।

(ख) वित्तीय विवरण : गत दुई आर्थिक वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण सहित शेयर पूँजी, जगेडा तथा कोषहरु (जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोष, अन्य कोष), कुल जोखिम भारित सम्पत्ति तथा पूँजी कोषको विवरण (प्राथमिक पूँजी कोषरअनुपात र कूल पूँजी कोष/अनुपात), सहकारी संस्थाले निजी कम्पनी र घर जग्गामा गरेको लगानी, कूल निक्षेप (साधारण, नियमित र आवधिक) र कूल ऋण प्रवाह (असल, कमसल, शंकास्पद, खराब) तथा कूल ऋण नोक्सानी व्यवस्था (वर्गीकरण अनुसार), ऋण पुनर्तालिकीकरण (रकम र संख्या), निष्क्रिय कर्जा रकम र अनुपात, कूल सम्पत्ति र कूल दायित्व, कूल सञ्चालन आम्दानी तथा खर्च र अन्य आम्दानी तथा खर्च, खुद नाफा/नोक्सान, लेखापरीक्षकको नाम, ठेगाना, सम्पर्क नं र आइक्यान सदस्यता नं. आवश्यक पर्नेछ ।

(ग) अन्य विवरणः पछिल्लो दुई वर्षको साधारण सभा सम्पन्न भएको मिति, उपस्थिति संख्या र उपस्थिति प्रतिशत, गत आर्थिक वर्षमा सञ्चालक समितिको बैठक बसेको कूल संख्या, संघहरूसँगको आबद्धताको विवरण, विवरण प्रविष्टि गर्नेको नाम, पद, सम्पर्क नं., मिति, विवरण रूजु गर्नेको नाम, पद, सम्पर्क नं., मिती, कार्यकारी प्रमुखको स्वघोषणाः माथि उल्लेखित विवरण ठीक साँचो हो । फरक परेमा कानुनबमोजिम सहुँला बुझाउँला भन्ने विवरण आवश्यक पर्नेछ ।

**एक हजारदेखि १५ हजारसम्म दस्तुर**

प्राधिकरणले सहकारी संस्था दर्ता अभिलेखीकरण/सञ्चालन इजाजतपत्र दस्तुर तोकेको छ । प्राधिकरणमा दर्ता हुन एक हजारदेखि १५ हजारसम्मको शुल्क निर्धारण गरिएको छ । कुल सम्पत्ति वा कुल पुँजी तथा दायित्व २ करोडसम्मका सहकारीलाई एक हजार रुपैयाँ दस्तुर लाग्नेछ । यस्तै, २ देखि १० करोडसम्मका सहकारीलाई ३ हजार, १० भन्दा बढीदेखि २५ करोडसम्मका सहकारीलाई ५ हजार, २५ करोडदेखि ५० करोड सम्मका सहकारीलाई ७ हजार रुपैयाँ दर्ता दस्तुर लाग्नेछ ।

गत आर्थिक वर्षको अडिटेड वित्तीय विवरण अनुसार कूल सम्पत्ति वा कूल पुँजी तथा दायित्व ५० करोडदेखि १ अर्बसम्म भएका सहकारीलाई १० हजार रूपैयाँ शुल्क लाग्नेछ ।

यसैगरी १ अर्बभन्दा बढीका सहकारीलाई १५ हजार शुल्क तोकिएको छ । प्राधिकरणले तोकेको दस्तुर राष्ट्रिय वाणिज्य बैंक पुल्चोक शाखामा रहेको राष्ट्रिय सहकारी नियमन प्राधिकरणको खातामा जम्मा गर्न सकिने प्राधिकरणले जनाएको छ ।

सहकारी दर्ताका लागि छुट्टै दर्ता अभिलेखीकरण सफ्टवेयर निर्माण भएर लञ्च गर्ने तयारी रहेको प्राधिकरणका अध्यक्ष डा. खगराज शर्माले जानकारी दिए । उनले भने, 'सहकारी दर्ताका लागि छुट्टै दर्ता अभिलेखीकरण सफ्टवेयर निर्माण भई लन्च गर्ने तयारी भइरहेको छ । यही असोज महिनाभित्र दर्ता प्रक्रियाको थालनी गरिनेछ ।'

संस्थाको नाम जेसुकै भएपनि उसको बचत तथा ऋणको हिस्सा ३० प्रतिशत भन्दा बढी दायित्व छ भने त्यो प्राधिकरणका सूचीकृत हुनुपर्ने अध्यक्ष शर्माको भनाई छ । बचत तथा ऋणको कारोबार गर्छु भन्ने सहकारीहरूले इजाजतपत्र लिएपछि मात्रै बचत तथा ऋणको कारोबार गर्न योग्य हुने उनले बताए ।

'यदि दर्ता नभएमा सहकारीले कर्जा लगानी गर्दा धितो रोक्काका लागि मालपोत कार्यालयले सूचीकृतको सर्टिफिकेट माग्छ, कर कार्यालयले कर चुक्ता गर्न मिल्दैन, अडिट गर्दा पनि सहकारीहरूले त्यसको सर्टिफिकेट समेत पाउँदैनन् । यसैले सहकारीहरु अनिवार्य प्राधिकरणको अभिलेख हुनै पर्छ' उनले भने ।

बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूलाई प्राधिकरणले दर्ता अभिलेखीकरणका लागि आह्वान गरेको ६० दिनभित्र आवश्यक विवरणहरु विद्युतीय प्रणालीमा प्रविष्ट गराइ रूजु पश्चात् प्रक्रिया पुरा गरी दर्ता प्रमाणपत्र उपलब्ध गराइने अध्यक्ष शर्माले जानकारी दिए ।

# झापामा ठूलो "फुटवेयर हब" बनाउने मंग्रान्ती दम्पतीको सपना

**'सरकारको सहयोग र कर छुट मिल्यो भने हामीजस्ता साना उद्यमीले अझ ठूलो योगदान दिन सक्छौँ'**

**बुद्धशान्ति (पालिका सन्देश) ।** "व्यापार सुरू गर्दा हामीसँग पैसाभन्दा पनि ठूलो सपना थियो । त्यही सपनाले केही गर्न प्रेरित गरेको थियो", आफ्नो पसल देखाउँदै झापाको बुद्धशान्ति–१ पहाडीचोकका कमल मङ्ग्रान्तीले भने । श्रीमानको स्वरमा स्वर मिलाउँदै श्रीमति तारा तोलाङीले भनिन्, "त्यही सपना पछ्याउँदै जाँदा आज हामीले सानो लगानीबाट सुरू गरेको व्यापारलाई उद्योगकै रूपमा विकास गर्न सफल हुँदैछौँ ।"

मङ्ग्रान्ती दम्पतीले 'आशिष सुज सेन्टर' स्थापना गरेका छन् । करिब १५ वर्षअघि काठमाडौँस्थित शिखर सुजलगायत विभिन्न कम्पनीमा मजदुरी गर्दै जीविका चलाइरहेका कमल आफ्नै उद्यम गर्ने सपनासहित गाउँ फर्कने सोच बनाए । दिनभरि अर्काको काम गर्दा पनि परिवार धान्न गाह्रो भएपछि उनलाई आफ्नै व्यापार गर्नुपर्छ भन्ने लागेको थियो । त्यसैले वि.सं. २०६९ तिर मङ्ग्रान्तीले जुत्ता तथा चप्पल बनाउने तालिम लिएको स्मरण गरे । सीप प्राप्त गरेपछि उनले झापाको बुद्धशान्ति फर्केर परिवार र आफन्तसँग सानो ऋण जुटाइ घरकै एउटा कोठामा जुत्ता उत्पादन सुरू गरे ।

"सुरूआतमा केही हजार लगानी गरेर घरकै सटरमा आफ्नै उत्पादन बिक्री थाले । प्रारम्भिक चरणमा गाउँघरमा हातले टाँसेका जुत्ता बेच्न कठिन भए पनि गुणस्तर र डिजाइनमा ध्यान दिन थालेपछि क्रमशः बजार बिस्तार हुँदै गयो", मंग्रान्तीले भने,"श्रीमतीलाई पनि जुत्ता बनाउने सीप सिकाए । उनले उद्योगको उत्पादनसँगै पसल व्यबस्थापनमा साथ दिएपछि निकै सहज भयो ।"

उद्योग स्थापनाको केही वर्षपछि ऋण उठाएर खरिद गरिएको पहिलो सिलाइ मेसिनले व्यबसायलाई नयाँ मोड दियो । हाल उनको उद्योगमा विद्यार्थीका लागि जुत्ता, कामकाजी महिलाका लागि सहज चप्पलदेखि युवाका लागि आकर्षक जुत्ता उत्पादन भइरहेको छ ।

"हाल पालिकाभर हाम्रो काम र पसलको चर्चा हुन्छ । उद्योगमार्फत दैनिक ३० देखि ४० जोडी विभिन्न आकार–प्रकारका जुत्ता तथा चप्पल उत्पादन गरिरहेका छौँ । चार जना स्थानीयलाई रोजगारीसमेत दिइरहेका छौँ", मङ्ग्रान्तीले सुनाए ।

उनीहरूले आफ्नै पसलमार्फत बिक्री गर्नुका साथै मागअनुसार जिल्लाबाहिर पनि जुत्ता चप्पल आपूर्ति गर्दै आएका छन् । केही हजार लगानी गरेर हाल आफ्नो व्यापार पुँजी करिब ४० लाख बनाइसकेको उनले बताए । हिजोका दिनमा अर्काको काम गर्दा जीविका चलाउनसमेत समस्या भोगेको यस परिवारले यही उद्योगको आम्दानीले निकै सहज भएको छ ।

"परिवारको जीवनस्तरमा सुधार हुनुका साथै सन्तानको शिक्षामा लगानी गर्न सहज भएको छ । लगानी बिस्तार गर्दै हाल करिब रू. ४० लाखसम्मको पुँजी पुगाएका छौँ", श्रीमती ताराले भनिन्, "पहिले भाडाको घरमा बसेर महिनाको खर्च टार्न हम्मेहम्मे पर्थ्यो । अहिले आफ्नै घर छ, उद्योग छ र अरूलाई रोजगार दिन सक्ने अवस्थामा छौँ ।"

श्रीमान–श्रीमतीबीचको सहकार्य नै सफलताको मूल मन्त्र भएको उनीहरूको बुझाइ छ । उनीहरूमध्ये कमलले उत्पादन व्यबस्थापनमा र ताराले डिजाइन र बिक्री–वितरणमा ध्यान दिइरहेका छन् । थोरै पुँजीबाट सुरू गरेको व्यबसायबाट सफलता हासिल भइरहेपनि विदेशी जुत्ता आपूर्तिका कारण केही समस्या भइरहेको मङ्ग्रान्तीले गुनासो गरे । सरकारले स्थानीय उद्योगलाई थप प्रोत्साहन दिए सहज हुने उनको भनाइ छ । "यदि सरकारको स्पष्ट सहयोग र कर छुट मिल्यो भने हामीजस्ता साना उद्यमीले अझ ठूलो योगदान दिन सक्छौँ", मङ्ग्रान्तीले भने । मङ्ग्रान्ती दम्पतीको योजना उद्योगलाई थप बिस्तार गर्दै झापामै ठूलो 'फुटवेयर हब' बनाउने छ । जसले आफ्नो र स्थानीय युवालाई रोजागरी दिएर जीवनस्तर सुधार्ने सपना छ । त्यसका लागि योजना र केही रणनीति बनाएर काम गर्ने मङ्ग्रान्तीले बताए ।

# डिएनए परीक्षणमा विपिनको शव पुष्टि

## *दुई वर्षअघि नै हत्या भएको आशंका*

**झापा ।** गाजापट्टीस्थित हमासको कब्जाबाट इजरायली सेनाले मंगलबार प्राप्त गरेका चार शवमध्ये एउटा नेपाली नागरिक विपिन जोशीको पुष्टि भएको छ । इजरायलको तेलअभिभस्थित नेसनल सेन्टर अफ फरेन्सिक मेडिसिनमा मंगलबार भएको डिएनए परीक्षणका क्रममा विपिनको शव पुष्टि भएको हो ।

इजरायल सरकारले यसबारे औपचारिक रूपमा नै मंगलबार नेपाललाई जानकारी दिएको परराष्ट्र मन्त्रालयले जनाएको छ । ०८० असोज २३ देखि हमासको कब्जामा रहेका विपिन जोशीको मृत्यु सोमबार पुष्टि भएको थियो ।

हमासले विपिनको शव मंगलबार हमास नियन्त्रित गाजापट्टीबाट रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी) मार्फत इजरायली सेनालाई दिएको थियो । इजरायलमा मंगलबार शवको डिएनए परीक्षण भएको थियो । दुई वर्षअघि नै इजरायलले लिएको परिवारको डिएनए परीक्षणका आधारमा शवको डिएनए परीक्षण गर्दा विपिनको शव पुष्टि भएको हो ।

'विपिन जोशीको शव डिएनए परीक्षणबाट पुष्टि भएको जानकारी प्राप्त भएको छ,' इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डितले भने, 'दुई वर्षअघि बेपत्ता भएका र घाइते भएकाहरूको परिवारका सदस्यको डिएनए परीक्षण भएको रहेछ, त्यस आधारमा विपिनको शव पुष्टि गर्न धेरै समय लागेन ।'

इजरायली अधिकारीले २०२३ को अन्तिमतिर (२०८० पुसमा) विपिनको हत्या भएको आशंका गरेका छन् । 'विपिनले नेपाली विद्यार्थीहरूमाथि प्रहार भएको हमासको ग्रिनेड खोसेर फालेका थिए, त्यही प्रतिशोध लिनका लागि उनको हत्या भएको आशंका छ,' इजरायली अधिकारीलाई उद्धृत गर्दै नेपाली कूटनीतिक अधिकारीले भने, ' इजरायलीहरूले थप भनेका छैनन् ।'

सोमबार बिहान मात्रै इजरायली अधिकारीले राजदूत पण्डितको उपस्थितिमा परिवारजनसँगको भिडियो बैठकमा विपिन जीवित नभएको जानकारी दिएका थिए । इजरायलस्थित नेपालका अवैतनिक महावाणिज्यदूत नद्दाब बेन यहुदा (जो इजरायली सेनामा पनि कार्यरत छन्)ले नेपाली राजदूत पण्डित र नियोग उपप्रमुख कुमार श्रेष्ठलाई सोमबार साँझ जोशीको शव भेटिएको जानकारी दिएका थिए । सोमबार इजरायली सेनाले विपिनसँगै तीन इजरायली नागरिक गाई इलयगश, योसी शाराबी र डानिएल पेरेत्जको पनि शव दिएको थियो ।


**बुद्धशान्ति गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, बुधबारे (झापा)**

मिति २०८२/०६/२८ गते।

**नियमित खोप सेवा संचालन हुने सम्बन्धि अत्यन्त जरुरी सुचना !!!**

श्री वडा कार्यालय सबै,
श्री आधारभुत स्वास्थ्य सेवा केन्द्र सबै,
श्री भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल,
श्री शान्तिनगर स्वास्थ्य चौकी,
बुद्धशान्ति गाउँपालिका, झापा।

प्रस्तुत विषयमा बुद्धशान्ति गाँउपालिकाको मातहतबाट प्रत्येक महिनाको ३ गते देखि १० गते सम्म नियमित रुपमा मासिक खोप सेवा संचालन भईरहेको कुरा सर्ववित्तिदै छ तर यस कार्तिक महिनामा संचालन हुने खोप सेवा मिति २०८२/०७/३ गते देखि मिति २०८२/०७/११ गते सम्म तिहार एंव छठपर्व परेकोले गर्दा सार्वजनिक विदा हुने हुँदा नेपाल सरकारको प्राथमिकतामा रहेको खोप सेवालाई पूर्ण रुपमा संचालन नभएतापनि यहाँको सेवाग्राहीहरुको भावनालाई संबोधन हुनेगरी मिति २०८२/६/२७ गतेको निर्णायनुसार तपसिल बमोजिमको स्वास्थ्य संस्था (स्थान), मिति र समयमा मात्र खोप सेवा संचालन हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि सुचित गरिन्छ।

तपसिल:

| क्र.सं. | स्थान | मिति | समय | खोपकर्मी | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | भागीरथा न्यौपाने बुद्धशान्ति अस्पताल बुद्धशान्ति-३, बुधवारे | २०८२ साल कार्त्तिक ८ गतेदेखि कार्त्तिक १० गतेसम्म | बिहान ११बजेदेखि अपराह्न ३ बजे सम्म | बिमला भट्टराई | ९८४२६६५०९२ |
| क्र.सं. | स्थान | मिति | समय | खोपकर्मी | सम्पर्क नं. |
| १. | शान्तिनगर स्वास्थ्य चौकी बुद्धशान्ति-५, गडिगाँउ | २०८२ साल कार्त्तिक ८ गतेदेखि कार्त्तिक १० गतेसम्म | बिहान ११बजेदेखि अपराह्न ३ बजे सम्म | मनिषा तोलाङी | ९८६८८२४६९८ |


## तपाईंको साताको राशिफल




**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
समय बलवान छ। साताको प्रारम्भमा सञ्चित धनमा वृद्धि हुनेछ। आफन्तहरूसंग रमाइलो समय व्यतीत हुनेछ। साताको मध्यमा धैर्य र पराक्रममा वृद्धि हुनेछ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**
साताको प्रारम्भमा मानसम्मानमा वृद्धि हुनेछ। आँटेको कार्यमा सफलता मिल्नेछ। साताको मध्यमा पारिवारिक सद्भावमा वृद्धि हुनेछ। संगीत र कलाको क्षेत्रमा सफलता मिल्नेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**
साताको प्रारम्भमा वैदेशिक रोजगारमा सफलता मिल्नेछ। पारिवारिक कारणले मन चिन्तित रहनेछ। साताको मध्यमा चिताएका काम पूरा हुनेछन्। व्यवसायमा लाभ रहनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
साताको प्रारम्भमा दाजुभाइमा आत्मीयता बढ्नेछ। सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ। साताको मध्यमा स्वास्थ्यलाई लिएर सावधान रहनुहोला। अवसरवादीहरूले खुट्टा तान्नेछन्।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
साताको प्रारम्भमा नोकरी पेशामा प्रभाव बढ्नेछ। व्यापार विस्तारलाई लिएर योजनाहरू बन्नेछन्। साताको मध्यमा शेयरबाजारबाट लाभ आर्जन गर्न सकिएला।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
साताको प्रारम्भमा भाग्यको साथ मिल्नेछ। धर्मकर्ममा रुचि बढ्नेछ। साताको मध्यमा व्यापार व्यवसायमा पिताको सहयोग मिल्नेछ। नोकरी वा पेशामा पदोन्नतिका योग छन्।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**
साताको प्रारम्भमा हजुरको बोलीको विपरीत अर्थ लाग्नेछ। नमागी कसैलाई सल्लाह नदिनुहोला। साताको मध्यमा घरमा मांगलिक कार्यको चर्चा हुनेछ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
साताको प्रारम्भमा चुनौतीपूर्ण कार्य गर्ने समय रहेको छ दाम्पत्य जीवन सुमधुर रहनेछ। साताको मध्यमा स्वास्थ्यलाई लिएर खानपानमा सजगता अपनाउनुहोस्।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**
साताको प्रारम्भमा सवारी साधन चलाउँदा सावधान रहनुहोला। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। साताको मध्यमा व्यापार व्यवसायमा जीवनसाथीबाट सहयोग मिल्नेछ।

**मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)**
साताको प्रारम्भमा शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। पायक स्थानमा भ्रमणका योग छन्। साताको मध्यमा वित्तीय वा सहकारी संस्थाबाट लाभ मिल्नेछ। शत्रुहरू सक्रिय रहनेछन्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
साताको प्रारम्भमा पारिवारिक समस्याले गर्दा चिन्ता बढ्नेछ। आर्थिक पक्ष सामान्य रहनेछ। साताको मध्यमा प्रेम सम्बन्ध सुमधुर रहनेछ। नयाँ कार्यको थालनी हुनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
समय उत्तम रहेकाले साताको प्रारम्भमा आँटेको कार्य सम्पादन गर्न सकिनेछ। सामाजिक कार्यमा मन जानेछ। साताको मध्यमा प्रेम र मित्रताको बन्धन कसिनेछ।

# विद्युतीय धरापमा परी झापामा १४ हात्तीको मृत्यु

**झापा ।** गैरकानूनी रूपमा विद्युतीय धरापमा परी हालसम्म झापामा १४ वटा हात्ती मरेको डिभिजन वन कार्यालय झापाले जनाएको छ । डिभिजन वन कार्यालय झापाका प्रमुख भरतबाबु श्रेष्ठले २६ वटा जंगली हात्तीको मृत्यु मध्ये १४ वटा गैरकानूनी रूपमा विछ्याइएको विद्युतीय तारबारको कारण रहेको बताए ।

उनले दुई दशक यता कार्यालयको खोज अनुसन्धान तथा पोस्टमार्टम रिपोर्टका आधारमा सो को अभिलेख रहेको बताउँदै भने "तत्काल जथाभावी रूपमा टांगिएका तारवारलाई नियन्त्रणमा नलिए हात्ती मात्र होइन मानवीय क्षतिको जोखिम समेत बढ्ने देखिन्छ ।"

प्रमुख श्रेष्ठले जंगली हात्ती प्रभावित क्षेत्रमा स्थानीयवासीले गैरकानुनी रूपमा लगाएको नाङ्गो विद्युतीय घेराबार हटाउन स्थानीय पालिका र विद्युत प्राधिकरणलाई पत्राचार समेत गरेको बताए । आफ्नो अन्नबाली तथा घरगोठको सुरक्षा गर्ने नाउँमा किसानहरूले जथाभावी रूपमा नाङ्गो विद्युतीय तारवार लगाउने कार्य तत्काल बन्द गर्नुपर्ने उनको भनाई छ ।

उनले पटकपटक सम्बन्धित सरोकारवालाहरूलाई घरदैलोमै भेटेर विद्युतीय धराप नराख्न आग्रह गर्दा समेत बेवास्ता गरेका कारण पालिका नै गुहार्नु पर्ने बाध्यता भएको बताए । काठ र बासका किलामा अड्याइएका असुरक्षित तारमा अधिकांश मानिसले रातभर विद्युत प्रवाह गरिदिएका हुन्छन् । बेलुका सुत्ने बेलामा करेन्ट प्रवाह गर्ने र विहानीपख उज्यालो भएपछि बन्द गर्ने सर्वसाधारणको प्रचलन छ ।

बिद्युत प्रवाह भएको तारसँग हात्ती डराउने स्थानीयबासीको विश्वास छ । हात्ती धपाउन प्रयोग भएको विद्युतीय तारमा झुक्किएर जनधनको समेत क्षति हुने गरेको छ । भारतबाट सीमा पार गरेर आउने हात्ती समेतको विचरणस्थल बनेको झापामा मानव-हात्ती द्वन्द्वका क्रममा दुई दशकमा ७२ जनाको हात्ती आक्रमणमा मृत्यु भएको छ भने २६ वटा हात्ती मारिएका छन् ।

# बाढीको कटानले गुम्बा जोखिममा

**शान्तिनगर (पालिका सन्देश) ।** बुद्धशान्ति गाउँपालिका-४ मा रू. तीन करोडको लागतमा बनेको पाल्यून देछेन छोइलिङ्ग गुम्बा टिमाई खोलाको कटानका कारण जोखिममा परेको छ । गत साताको अबिरल वर्षाका कारण टिमाई खोलामा आएको बाढीले कटान गर्दा गुम्बा छेउमै खोला पुगेको गुम्बा सञ्चालन उपसमितिका संयोजक मेनथिङ तामाङले बताए ।

कोशी प्रदेशको प्रख्यात धार्मिक तथा पर्यटकीय गन्तव्यको रूपमा परिचित उक्त गुम्बा वि.सं. २०७९ मा दातासँग सहयोग जुटाएर निर्माण गरिएको तामाङले जानकारी दिएका छन् । एक बिगाहा तीन कट्ठा जमिनमा रू. तीन करोडभन्दा बढीको लगानीमा निर्माण गरिएको गुम्बा जोगाउन तत्काल तटबन्धनको आवश्यकता रहेको उनले बताए । "हामीले स्थानीय, प्रदेश र संघीय सरकारलाई गुहारिरहेका छौँ", उहाँले भने, "तत्काल तटबन्धन गरेर खोला मोड्न नसके गुम्बा जोगाउन सक्ने अवस्था छैन ।"

उनले धार्मिक तथा सांस्कृतिक महत्वका सामाग्रीहरू र ऐतिहासिक दस्ताबेजका बस्तुहरू गुम्बामा रहेको बताएका छन् । गुम्बा नजिक पालिकाले उपलब्ध गराएको १० कट्ठा जमिनमा रमणीय बुद्धपार्क निर्माण भइरहेको छ । पार्कमा ३० फिट अग्लो बुद्ध, डोल्मा लगायतको मूर्ति निर्माण भइसकेको छ ।

मदन भण्डारी राजमार्गदेखि करिब पाँच सय मिटर दक्षिणमा रहेको यस गुम्बामा नेपाल, भारत लगायतका मुलुकबाट धार्मिक पर्यटकहरू आउने गरेको उनको भनाई छ ।

# कडा रोगको फलोअप उपचारका लागि पुनः रिफर लिनु नपर्ने

**झापा (पालिका सन्देश) ।** स्वास्थ्य बिमा बोर्डले कडा रोगको फलोअप उपचारका लागि पुनः रिफर लिनु नपर्ने व्यबस्था गरेको छ । बोर्डले क्यान्सर, मुटु रोग, मिर्गौला रोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, सिकलसेल एनिमिया, पार्किन्सोनिजम, अल्जाइमर जस्ता कडा रोगका लागि पुनः रिफर लिनु नपर्ने निर्णय गरेको छ ।

स्वास्थ्य बिमा बोर्डले बीमित सेवाग्राहीलाई प्रेषण प्रक्रिया सहज बनाउन नयाँ व्यबस्था लागु गर्दै कडा रोगको फलोअप उपचारका लागि पुनः रिफर लिनु नपर्ने निर्णय गरेको हो । बोर्डका कार्यकारी निर्देशक स्तरको मिति २०८२ असोज २७ बीमितले प्रथम सेवा विन्दुबाट प्रेषण भई रिफरल सेन्टरमा जाँदा देखिएका विभिन्न प्रक्रियागत समस्या र गुनासाको सम्बोधन गर्न नौ बुँदे निर्णय गर्दै यस्तो निर्णय गरेको बोर्डका उपसचिव पुण्य माया गुरागाईले जानकारी दिए ।

बोर्डका उपसचिव गुरागाईले अति गरिब, अति अशक्त अपाङ्गता भएका व्यक्ति, कुष्ठरोगी, एचआइभी सङ्क्रमित, जटिल क्षयरोगी, ७० वर्षमाथिका जेष्ठ नागरिक र महिला स्वास्थ्य स्वयंसेविकाका हकमा पनि सोही सुबिधा लागु हुने बताए ।

यस्तै, आँखा स्वास्थ्यसम्बन्धी जटिल समस्या, गर्भवती तथा सुत्केरी महिला (जटिल प्रसूति वा सिजेरियन) र दम, सिजोफ्रेनिया, बाइपोलर डिसअर्डरजस्ता मानसिक रोगका बिरामीलाई पनि फलोअप उपचारका लागि पुनः प्रेषण आवश्यक नपर्ने उनको भनाइ छ ।

एउटै रोगको लागि गरिएको प्रेषण सेवाले सोही रोगको फलोअपमा पर्याप्त ठहरिने बोर्डले उल्लेख गरेको छ । उहाँका अनुसार आकस्मिक सेवा लिई त्यसै रोगको फलोअप गर्नुपर्ने भएमा पनि नयाँ रिफर आवश्यक पर्दैन । यदि प्रेषण भई उपचारको क्रममा अर्को रोगको पनि परीक्षण आवश्यक भएमा सोही अस्पतालभित्रै अर्को विभागमा रिफर मार्फत सेवा लिन सकिनेछ । तर, उक्त विभागमा पुनः फलोअप गर्नुपर्ने अवस्थामा भने नयाँ रिफर आवश्यक हुनेछ । बोर्डले प्रेषण केन्द्रबाट पनि सेवा अपुग भएको अवस्थामा नजिकैको अर्को अस्पतालमा प्रेषण गर्न निर्देशन दिएको छ ।

साथै, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति र शारीरिक रूपमा कमजोर बीमितलाई सहज र सुनिश्चित सेवा उपलब्ध गराउन अस्पताललाई व्यबस्था मिलाउन आग्रह गरेको छ । अस्पतालले बिरामीको प्रेस्क्रिप्सनमा फलोअपको सम्भावित मिति वा अवधि अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने र हरेक पटक क्लेम गर्दा पहिलो रिफर नम्बर अनिवार्य उल्लेख गर्नुपर्ने व्यबस्था गरेको छ ।

स्वास्थ्य बीमा सेवामा आउने बीमितको सुविधा वृद्धि र प्रशासनिक जटिलता घटाउने उद्देश्यले यो निर्णय गरेको बोर्डले जनाएको छ । बोर्डले ३७७ वटा स्वास्थ्य संस्थालाई प्रथम सेवा विन्दु तोकनुका साथै ९८ रिफरल स्वास्थ्य संस्था तोकेको छ । बोर्डले सङ्घीय अस्पताल, विशेषज्ञ अस्पताल, विशिष्टीकृत अस्पताल र प्रतिष्ठानलाई प्रेषण केन्द्रका रूपमा राखेको छ । बोर्डमा हाल ९४ लाख बिमित आबद्ध छन् ।


हुन्न है शिक्षा अपुरो परिवारको माया र साथ पाए ।
जानौ बुझौ बालबालिकालाई लिएर शिक्षा आफैले ।।




- प्रारम्भिक बाल्य अवस्थाको महत्व र आवश्यकता प्रष्ट गर्न ।
- बालबालिकालाई आवश्यक पोषणयुक्त खाना बनाउने तथा खुवाउने ज्ञान,सिप अभिवृद्धि गर्न।
- बालबालिकालाई स्वास्थ्य, स्याहार र सरसफाइ गर्ने सिप अभिवृद्धि गर्न ।
- उमेर अनुरुप उत्प्रेरणा तथा अन्तरक्रिया गर्ने सिप अभिवृद्धि गर्न ।
- बाल केन्द्रित क्रियाकलाप र खेल, खेलौना सहितको वातावरण उपलब्ध गर्न प्रतिबद्ध गराउन।
- विद्यालयको सिकाइमा सहयोग तथा प्रारम्भिक पढाइ लेखाइमा सहयोग गर्ने सिप प्रदान गर्न।
- बालबालिकालाई बिना भेदभाव बाँच्न, सिक्न, सहभागी हुन र संरक्षण गर्न प्रेरित गर्न ।
- प्रारम्भिक बाल्यावस्थामा हेला, हिंसा, दुर्व्यवहार, सजायबाट संरक्षण गर्ने सिप प्रदान गर्न ।
- बालबालिकालाई बालविकास केन्द्र तथा विद्यालय तत्परताको लागि पूर्वतयारी गराउन सहयोग पुर्याउन ।
- प्रारम्भिक बाल शिक्षा तथा विकास कार्यक्रम शिशु कक्षादेखि १२ सम्मका क्रियाकलापमा संलग्नता अभिवृद्धि गर्न ।
- शिक्षाको गुणस्तर सुधारमा अभिभावकको भुमिका,कर्तव्य बिषयमा जानकारी गराउदै जिम्मेवार बनाउन।




अभिभावक शिक्षा र समुदाय सहभागीता
रोङ अभिभावक शिक्षा कार्यक्रम
सम्पर्क : ९८५२६४२०२०
Email: rongruralmun@gmail.com



## बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बुधबारे (झापा)

मिति: २०८२/०६/२७

**PBS तथा TPS आलुको बीउ माग गर्ने सम्वन्धी सूचना ।**

प्रस्तुत बिषयमा बुद्धशान्ति गाउँपालिकाको आ.ब. २०८२/०८३ को आलु उत्पादन प्रबर्द्धन कार्यक्रम अन्तर्गत PBS (Potato Breeder Seed) र TPS (True Potato Seed) आलुको बीउ ७५ प्रतिशत अनुदानमा वितरण गर्ने कार्यक्रम रहेकोले इच्छुक कृषक समूह/कृषि फार्म/कृषि सहकारी संस्थाहरुले मिति २०८२/०७/१४ गतेभित्रमा तपशिल अनुसारका कागजातहरु संलग्न राखी निवेदन पेश गर्नुहुन अनुरोध छ ।

आवश्यक कागजातहरु

१. निवेदन
२. माग गर्ने कृषकहरुको नामावली
३. कृषक समूह/फार्म/कृषि सहकारीको दर्ता प्रमाण-पत्र प्रतिलिपि(आ.ब. २०८२/०८३ मा नविकरण भएको हुनुपर्ने)



## डेंगीबाट बचौं र बचाऔं

- ✓ उच्च ज्वरो आउनु । ✓ जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- ✓ आँखाको गेडी दुख्नु । ✓ अत्याधिक टाउको दुख्नु ।
- ✓ शरीरमा राता बिमिराहरु आउनु । ✓ वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरू देखापरेमा डेंगी हुन सक्छ,
तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड (झापा)

# इलामका ६ स्थानीय तहमा ९ सय १९ घरमा क्षति

**इलाम ।** असोज १८ गतेदेखि निरन्तर परेको वर्षापछि आएको पहिरोले इलाम जिल्लाको विभिन्न स्थानीय तहमा व्यापक क्षति पुऱ्याएको छ । हालसम्म संकलन गरिएको तथ्यांकअनुसार ६ वटा स्थानीय तहमा मात्रै ९ सय १९ वटा घरमा क्षति पुगेको जिल्ला प्रशासन कार्यालय इलामले जनाएको छ । तीमध्ये २ सय ४३ वटा घर पूर्ण रूपमा भत्किएका वा पुरिएका छन् भने ६ सय ७३ वटा घरमा आंशिक क्षति पुगेको छ ।

जिल्ला प्रशासन कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार सुर्योदय, इलाम, माइ, देउमाइ नगरपालिकासँगै फाकफोकथुम गाउँपालिकामा यो क्षति भएको हो । तर सन्दकपुर, माङसेबुङ, रोङ र चुलाचुली गाउँपालिकाको तथ्यांक संकलन अझै जारी छ । अप्ठ्यारो भौगोलिक अवस्था र भत्किएका सडकका कारण सम्पूर्ण विवरण संकलनमा ढिलाइ भएको स्थानीय तहहरूले जनाएका छन् ।

प्रमुख जिल्ला अधिकारी सुनिता नेपालका अनुसार बाढी र पहिरोका कारण हालसम्म ७ सय १८ जना नागरिक प्रत्यक्ष प्रभावित भएका छन् । तीमध्ये ११ जनालाई सामुदायिक भवनमा राखिएको छ भने ३ सय ८९ जना आफन्त वा छिमेकीको घरमा बसिरहेका छन् । बाँकी पीडितहरु आंशिक क्षति भएका घर वा पाल टाँगेर आफ्नै जग्गामा बसोबास गर्दै आएका छन् ।

पहिरोले इलाम नगरपालिकामा सबैभन्दा बढी २ सय ६३ वटा घरमा क्षति पुऱ्याएको छ । त्यस्तै सुर्योदयमा १ सय ९४, देउमाइमा १ सय ११, माइमा ७६ र फाकफोकथुममा २० घरमा क्षति पुगेको जनाइएको छ । विपत्तिबाट ज्यान गुमाउनेको संख्या पनि उच्च रहेको छ । पहिरोले इलाममा ३९ जनाको मृत्यु भएको छ भने १ जना बेपत्ता छन् र १३ जना घाइते भएका छन् । मृतकहरूमा १८ पुरूष र २१ महिला रहेका छन् ।

मृतक मध्ये माइ र देउमाइ नगरपालिकामा ८–८ जना, इलाम नगरपालिका र सन्दकपुर गाउँपालिकामा ७–७ जना, माङसेवुङमा ३, सुर्योदयमा ५ र फाकफोकथुममा १ जनाको ज्यान गएको प्रशासन कार्यालयले जनाएको छ । यस्तै, पहिरोका कारण मेची राजमार्गको राजदुवाली खण्डसहित करिब तीन दर्जन ग्रामीण सडक अझै सञ्चालनमा आउन नसकेका कारण उद्धार र राहत कार्यमा कठिनाइ भइरहेको स्थानीय प्रशासनले जनाएको छ ।

# ५ हजार ५४७ कैदीबन्दी अझै फरार

**झापा ।** गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका कारण देशभरका कारागारबाट भागेकामध्ये पाँच हजार ५४७ कैदीबन्दी अझै फरार छन् । कारागार व्यबस्थापन विभागले फरार कैदीबन्दीलाई कारागार फिर्ता ल्याउन अझ प्रभावकारी बनाउने जनाएको छ । हालसम्म नौ हजार आठ जना कैदीबन्दी कारागार फिर्ता भएको विभागले जनाएको छ ।

फरार कैदीबन्दीको सम्बन्धमा सम्बन्धित कारागार कार्यालयबाट प्राप्त नामावलीसहितको विवरण गृह मन्त्रालयमार्फत् निर्वाचन आयोग, सुरक्षा निकायमा उपलब्ध गराइनेछ । अध्यागमन विभाग, भूमि व्यबस्थापन तथा अभिलेख विभाग, यातायात व्यबस्थापन विभाग, राहदानी विभाग, वैदेशिक रोजगार विभाग, श्रम विभाग, नापी विभागलगायतका सेवाग्राहीको आवागमन धेरै हुने निकाय र ७७ वटै जिल्ला प्रशासन कार्यालयमा पठाउने जनाइएको छ । फरार कैदीबन्दीको विवरण विभागको वेबसाइटमा प्रकाशित गरिनेछ ।

त्यसैगरी जिल्लास्थित सार्वजनिक निकायमा विवरण उपलब्ध गराउने र कुनै सार्वजनिक सेवा लिन आएको खण्डमा पक्राउ गरिनेछ । फरार कैदीबन्दीहरूको खोजी तथा पक्राउ अभियानलाई अझ नियमित, सशक्त र समन्वयात्मक रूपमा अघि बढाउने निर्णय भएको विभागले जनाएको छ ।

**पत्रपत्रिका पढ्ने बानीको विकास गरौं ।**

# नेपालको पासपोर्ट १०१ औं स्थानमै यथावत

**झापा ।** अमेरिकी पासपोर्ट पहिलो पटक विश्वका सबैभन्दा शक्तिशाली पासपोर्टहरूको शीर्ष १० सूचीबाट बाहिरिएको छ । हेनले एण्ड पार्टनर्सद्वारा प्रकाशित हेनले पासपोर्ट इन्डेक्स २०२५ अनुसार, २० वर्षमा यस्तो पहिलोपटक भएको हो ।

अब अमेरिकी पासपोर्ट १२औँ स्थानमा पुगेको छ, जुन मलेसियाको बराबरी हो । अमेरिकी पासपोर्टबाहक नागरिक २२७ मध्ये १८० देशमा भिसा बिना प्रवेश गर्न सक्छ । सिंगापुरको पासपोर्ट सबैभन्दा शक्तिशाली बनेको छ, जसले १९३ देशमा भिसा बिना प्रवेश अनुमति पाउँछ । दोस्रो स्थानमा दक्षिण कोरिया १९० देशमा र तेस्रोमा जापान १८९ देशमा भिसा बिना प्रबेश पाउने हैसियतमा छन् ।

इन्डेक्स अनुसार, नेपालको पासपोर्ट १०१ औं स्थानमै यथावत छ भने भारतीय पासपोर्ट ७७ औं स्थानमा पुगेको छ । सन् २०२५ को पहिलो त्रैमासिकको तुलनामा भारतले ८ स्थान सुधार गर्दा नेपाल यथास्थितिमा रहेको हो । भारतले ५९ देशमा अनअराइभल भिसा पाउँछ भने नेपालले ३६ देशमा ।

नेपालपछि सोमालिया, पाकिस्तान, यमन, इराक, सिरिया र अफगानिस्तान रहेका छन् ।

# पेट्रोल र खजिनको आयात घट्यो

**झापा ।** पूर्वी नेपालको दोस्रो ठूलो नाका मेची भन्सारबाट चालु आर्थिक वर्षको दुई महिनामा पेट्रोलियम पदार्थ र खनिज उत्पादनका बस्तुको आयात घटेको छ । अघिल्लो आर्थिक वर्षको भदौ महिनासम्मको आयात तुलना गर्दा ३ दशमलव ६ प्रतिशतले पेट्रोलियम पदार्थको आयात घटेको हो । जुन मुल्यको हिसावमा १० करोड ६१ लाख थोरै हो । अघिल्लो वर्ष साउन र भदौ महिनामा २ अर्व ९५ करोड मुल्यको पेट्रोलिय पदार्थ आयात भएको थियो ।

यस्तै खजिनजन्य उत्पादन सामाग्रीको आयात पनि २२ दशमलव ८ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षमा २ महिनाको अवधिमा ३३ करोड मुल्यको खजिन उत्पादनका सामान आयात हुँदा यो वर्षको २ महिनामा २५ करोड मुल्यको मात्र आयात भएको मेची भन्सार कार्यालयले जनाएको छ ।

**विपद्मा परेकालाई सबैले सहयोग गरौं**




## खाद्य गुणस्तरमा ध्यान दिऔं

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारणदेखि पकाउने भाँडा समेतमा उचित ध्यान पुऱ्याऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं,
- अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं,
- खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं,
- स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं ।

**कचनकवल गाउँपालिका**
बनियानी, झापा

## प्रकोप जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगलागिजस्ता सम्भावित प्रकोपको बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्व होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामाग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

**अर्जुनधारा नगरपालिका**
अर्जुनधारा (झापा)